आकाशवाणी समाचार- नेपाली
मितिः १३ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

मुख्य समाचार

- मतदाता सूचीको विशेष गहन पुनरीक्षण-**एसआईआर प्रक्रियालाई द्रुत बनाउनका लागि निर्वाचन आयोगले पश्चिम बंगालमा दुई हजार अतिरिक्त माइक्रो-पर्यवेक्षकहरू तैनाथ गर्दैछ।**

- पश्चिम बंगाल सरकारले उत्तर २४ परगना जिल्लाको बारासतमा रहेको एक निजी अस्पतालमा दुई स्वास्थ्यकर्मीमा निपाह भाइरसको संक्रमण देखिएपछि व्यापक सतर्कता अपनाएको छ।

  विश्वभरिका गोर्खाहरूलाई आफ्नो संगीतको माध्यमबाट एक गराउने गायक,अभिनेता प्रशान्त तामाङको दाह संस्कार आज पुर्वान्ह 11 बजे उनको पैतृक घर दार्जिलिङमा गरिने भएको छ।
- एसआईआरमा चियाबारीको रेकर्ड मान्य भएकोमा हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियनद्वारा आभार प्रकट |
- खरसाङमा स्टेडियम निर्माण विषयलाई लिएर खरसाङ स्टेडियम निर्माण समिति र जीटीए प्रमुखमाझ सभा सम्पन्न भएको छ |

**पश्चिम बंगाल-एसआईआर**

मतदाता सूचीको विशेष गहन पुनरीक्षण-**एसआईआर प्रक्रियालाई द्रुत बनाउनका लागि निर्वाचन आयोगले पश्चिम बंगालमा दुई हजार अतिरिक्त माइक्रो-पर्यवेक्षकहरू तैनाथ गर्दैछ। सुनुवाइ प्रक्रियालाई तीव्रता दिन यस कदमले प्रदेशमा** माइक्रो-ऑब्जर्वर अर्थात सूक्ष्म प्रेक्ष**कहरूको कुल संख्या हालको चार हजार छ सय बाट बढाएर छ हजार छ सय पुर् याउनेछ।** आयोगले सुनुवाइ केन्द्रहरूको संख्या बढाउने र थप सहायक मतदाता पञ्जीकरण अधिकारी (एईआरओ )को नियुक्त गर्ने विचार गरिरहेको छ। नयाँ भर्ती भएका माइक्रो अब्जर्भरहरूले जनवरी १५ मा मतदाता नामावलीको शुद्धता, नियम र अधिकारीहरूसँग सामञ्जस्यतामा ध्यान केन्द्रित गरी एक दिने प्रशिक्षण सत्रमा भाग लिनेछन्।
अन्तिम मतदाता सूची १४ फेब्रुअरीमा प्रकाशित हुने भएको छ। आयोगका स्रोतका अनुसार 'अनमैप ' श्रेणीका र डाटा त्रुटि भएका मतदातासहित एक करोडभन्दा बढी मतदातालाई सुनुवाइका लागि बोलाइनेछ । अहिलेसम्म ३४ लाख मानिसलाई सुनुवाइका लागि नोटिस जारी गरिएको छ।

**पश्चिम बंगाल-निपाह वायरस**

पश्चिम बंगाल सरकारले उत्तर २४ परगना जिल्लाको बारासतमा रहेको एक निजी अस्पतालमा दुई स्वास्थ्यकर्मीमा निपाह भाइरसको संक्रमण देखिएपछि व्यापक सतर्कता अपनाएको छ। मुख्य सचिव नन्दिनी चक्रवर्तीले स्वास्थ्य सचिव नारायण स्वरूप निगम र अन्य वरिष्ठ अधिकारीहरूसँग आकस्मिक बैठक गरी स्थितिको समीक्षा गरेकि छन्।
मुख्य सचिवले बताउनु भएको छ कि दुवै बिरामीको एउटै अस्पतालमा उपचार भइरहेको छ र चिकित्सकको विशेष टोलीले उनीहरूको अवस्थाको निगरानी गरिरहेका छन्। कामका लागि पूर्वबर्धमान जाने क्रममा उनीहरु दुवैलाई कोरोना संक्रमण भएको प्रारम्भिक अनुसन्धानबाट पत्तो लागेको छ। पूर्वी बर्धमान, उत्तर २४ परगना र नादिया जिल्लामा निगरानी बढाइएको छ र अधिकारीहरूले उनीहरूको सम्पर्कहरू पत्ता लगाइरहेका छन्।

राज्य  सरकारले संक्रमणलाई मध्यनजर गर्दै स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर (एसओपी) तयार गरिरहेको छ र मानिसहरुलाई आत्तिनुको सट्टा सतर्क रहन आग्रह गरेको छ। निपा भाइरस चमेराबाट सर्ने रोग हो। सरकारले निपा भाइरसका लागि दुई हेल्पलाइन नम्बर ०३३, २३३३–०१८० र 9874708858 जारी गरेको छ।

**14 जनवरीदेखि  गंगासागरमा  24 घंटाको पुण्यस्नान, डिजिटल व्यवस्थाको  साथ तैयारी**

यस वर्ष गंगासागर मेलामा पवित्र स्नान १४ जनवरी बुधबार दिउँसो 1 बजेर १९ मिनटदेखि सुरु हुनेछ र १५ जनवरी बिहीबार दिउँसो 1 बजेर :१९ मिनटसम्म २४ घण्टा चल्नेछ। प्रशासनका अनुसार श्रद्धालुहरुको सुविधा र सुरक्षालाई ध्यानमा राख्दै यस पटकको मेलामा अभूतपूर्व पूर्वाधार र डिजिटल सुविधा उपलब्ध गराइएको छ।
गंगासागरमा ४.७ किलोमिटर लामो चार लेनको गंगासागर पुलको निर्माणको लागि टेन्डर प्रक्रिया पूरा भएको छ, यद्यपि यस परियोजनामा केन्द्र सरकारबाट कुनै आर्थिक सहयोग छैन। तटीय सडकहरूमा क्षति पुगेपछि नयाँ सडकहरू निर्माण भएका छन्। यसका साथै नयाँ बसस्ट्यान्ड र ट्याक्सी स्टन्ड पनि तयार भइसकेको छ। भक्तजनको स्वागतका लागि स्वागतद्वार बनाइएका छन्। स्नान पछि, नि: शुल्क फोटोको साथ पवित्र स्नान प्रमाणपत्र पनि प्रदान गरिनेछ।
यसपटक मेलामा डिजिटल व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको छ। उक्त QR कोडमा मेला परिसरमा सूचना केन्द्र, पार्किङस्थल, अस्पताललगायत अत्यावश्यक सेवा उपलब्ध हुनेछ। वृद्धवृद्धा तथा बालबालिकालाई ई–परिचय कार्ड र रिस्ट ब्याण्ड उपलब्ध गराइएको छ जसले गर्दा हराएको अवस्थामा छिटोछिट्टै पत्ता लगाउन सकियोस्।

**प्रशान्त तामाङको दाह संस्कार**

विश्वभरिका गोर्खाहरूलाई आफ्नो संगीतको माध्यमबाट एक गराउने गायक,अभिनेता प्रशान्त तामाङको दाह संस्कार आज पुर्वान्ह 11 बजे उनको पैतृक  घर दार्जिलिङमा गरिने भएको छ।इंडियन आइडल सिजन 3 का विजेता प्रशान्त तामाङको निधन गत 11 जनवरी 2026को दिन हृदयघातको कारणले 43 बर्षको उमेर मा दिल्लीमा भएको थियो।बाबा स्वर्गीय मदन तामाङ अनि आमा रुपा तामाङको सुपुत्र प्रशान्त तामाङले 2011मा फ्लाइट एटेन्डेड गीता थापासित विवाह गरेका थिए।संत रोबर्टस स्कूलबाट अध्ययन गरे पश्चात कोलकाता पुलिसमा कॉन्स्टेबलको रूपमा कार्यरत प्रशान्त तामाङले साल 2007मा भारतको सर्वाधिक लोकप्रिय साङ्गीतिक कार्यक्रम इंडियन आइडल सिजन 3 को उपाधि हासिल गरेका थिए।गायक प्रशान्त तामाङले कलाकारको रूपमा नेपाली चलचित्र गोर्खा पल्टनबाट सिने जगतमा पाइला टेकेका थिए।उनीद्वारा अभिनीत चलचित्रहरूमा अँगालो मायाको, किन मायामा,निशानी प्रमुख छन।उनले लोकप्रिय सिरिज पाताल लोक मा अभिनय गरिसकेका छन भने हिन्दी चलचित्रका लोकप्रिय अभिनेता सलमान खा द्वारा अभिनीत निर्माणाधीन चलचित्र ब्याटल अफ गलवान मा पनि उनले अभिनय गरेका छन।

**प्रशान्त तामाङ (श्रद्धाञ्जली)**

गायक तथा अभिनेता प्रशान्त तामाङको पार्थिव शरीरलाई हिज  पैतृक घर दार्जीलिङ ल्याई पुर्याएको छ। यसक्रममा उनलाई गोर्खाल्याण्ट क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा,सांसद राजु विष्ट,विभिन्न राजनीतिक दलका शीर्ष नेतृत्व गायक, संगीतकार,कलाकार एवं जनसाधारणले श्रद्धाञ्जली अर्पण गरेका छन्।
यसैबीच सांसद राजु विष्टले एक प्रतिष्ठित गोर्खा युवा, प्रशान्त तामाङले आफ्नो आवाज, नम्रता र सरलताले संसारलाई मंत्रमुग्ध पारेको बताउनु भयो। भने बाघडोगरा हवाई अड्डा बाहिर पत्रकारहरुलाई सम्बोधन गर्दै जीटीए प्रमुख अनित थापाले प्रशान्त तामाङको निधनप्रति श्रध्दाञ्जली अर्पण गर्दै गायक प्रशान्त तामाङको निधनले पहाडमा शोकको लहर छाएको बताउनु भयो | यो घडीमा प्रशान्त तामाङलाई हामीले कलाकारको रूपमा हेरौं तर प्रशान्त तामाङलाई राजनीतिसित नजोडौं भनी GTA प्रमुखले बताउनु भयो।

यस दुखद घडीमा प्रशान्त तामाङको परिवार तथा उनको धर्म पत्नी,छोरीलाई सहन गर्ने क्षमता ईश्वरले शक्ति प्रदान गरून भनि आईजीजीएफका संयोजक अजय एडवर्ड्सले 2007 को इण्डियन आइडल 3 को समयमा प्रशान्त तामाङले पहाड तराई डुवर्स साथै समस्त गोर्खा समुदायलाई एक सुत्रमा बाँध्ने काम गरेको र गोर्खाहरूको त्यो एकताले नयाँ इतिहास रचेको बताए। प्रशान्त तामाङ निधन भएको खबर सामाजिक संजाल तथा समाचार पत्रहरूमा छाएपछि समस्त गोर्खा समुदायहरू पूनः एक भएका छन् अनि एकबद्ध भएर वहाँको पार्थिव शरीरलाई श्रद्धाञ्जली दिएका छन।

**निर्वाचन आयोग**

भारतीय निर्वाचन आयोग (ECI) ले उत्तरी पश्चिम बंगालका सात जिल्लाहरूमा मतदाता सूचीहरूको विशेष गहन संशोधन (SIR) अन्तर्गत प्रमाणीकरण उद्देश्यका लागि चिया बगान र सिन्कोना बगान रेकर्डहरूलाई वैध कागजातको रूपमा प्रयोग गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ। आधिकारिक स्रोतहरूका अनुसार, यो जानकारी राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाललाई पठाइएको थियो। निर्वाचन आयोगले दार्जीलिङ, कालेबुङ, जलपाईगढी, कुचबिहार, अलिपुरद्वार, उत्तर दिनाजपुर र दक्षिण दिनाजपुर जिल्लाहरूको लागि यो प्रस्तावमा कुनै आपत्ति नभएको बताएको छ।

**एसआईआर सागर गुरुङ**

मतदाता विशेष गहन **संसोधन एस**आईआरमा चियाबारी क्षेत्रमा रहेका मतदाताहरुका लागि चुनाव आयोगले चियाबारीको रेकर्डलाई मान्यता दिएकोमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको तर्फबाट चुनाव आयोग र सरकारलाई धन्यवाद दिएका छन्। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको सभापति सागर गुरुङले एसआईआरमा चियाबारी क्षेत्रमा रहेका मतदाताहरुका लागि चुनाव आयोगले चियाबारीको रेकर्डलाई मान्यता दिएको जानकारी गराएका छन् । उनले आफुहरुलाई महकुमा शासक र खण्ड विकासबाट एसआईआरमा चियाबारी क्षेत्रमा रहेका मतदाताहरुका लागि चियाबारीको रेकर्ड प्रयोग गर्न सकिने भएको जानकारी गराएको बताएका छन्।

**खरसाङ स्टेडियम निर्माण समिति र जीटीए प्रमुखमाझ सभा सम्पन्न**

खरसाङमा स्टेडियम निर्माण विषयलाई लिएर हिज सोमवार खरसाङ स्टेडियम निर्माण समितिका पदाधिकारी तथा सदस्यहरू र जीटीए प्रमुख अनित थापाबीच महत्वपूर्ण सभा सम्पन्न भएको छ। उक्त सभा खरसाङको टुरिस्ट लजमा सम्पन्न भएको छ ।

समिति अध्यक्ष छिरिङ खाईबाको अध्यक्षतामा सम्पन्न उक्त सभामा खरसाङ स्टेडियम निर्माण समितिका सचिव सुदिप राई तथा अन्य सदस्यहरूले जीटीए प्रमुख अनित थापा लाई एक ज्ञापन पत्र बुझाएका थिए । सभामा अध्यक्ष छिरिङ खाईबाले खरसाङमा स्टेडियमको आवश्यकता र यसको महत्वबारे जानकारी गराएका थिए। यसैगरी डाक्टर आशा मुखिया लामाले स्टेडियम निर्माणसँगै अडिटोरियम निर्माण पनि अत्यन्त आवश्यक रहेको बताइन्।

खरसाङमा स्टेडियमको माग 50 वर्षभन्दा पुरानो रहेको जानकारी दिंदै सन् 1976 मै स्टेडियम निर्माणका लागि गरिएको पत्राचार सम्बन्धी दस्तावेजहरू अञ्जय छेत्री र ओम प्रकाश चौरासियाले जीटीए प्रमुख अनित थापा समक्ष सार्वजनिक गरेका थिए।

सभामा जीटीए प्रमुख अनित थापाले खरसाङमा स्टेडियम निर्माणप्रति सकारात्मक धारणा राख्दै मन्टिभियट चिया बगान क्षेत्रमा उपयुक्त स्थान उपलब्ध हुने सम्भावना जाहेर गरेका छन् ।

****** ० ******